# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बेनी नगरपालिका, म्याग्दी

## आर्थिक वर्ष २०७६/७७

## महालेखापरीक्षकको कार्यालय

## काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं.: १५२

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
बेनी नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
म्याग्दी।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायब महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पु¥याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पु¥याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


महालेखापरीक्षकको कार्यालय नेपाल २०१६

पत्र संख्याः २०७८/७९ च.नं.: १५२ मितिः२०७८।०५।०४

श्री नगर प्रमूखज्यू,
बेनी नगरपालिका,
नगरपालिकाको कार्यालय,
म्याग्दी।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले बेनी नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. २ करोड ८ लाख बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु. ६५ लाख ५७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३६ लाख १४ हजार नियमित गर्नुपर्ने रु. १ करोड ६ लाख २९ हजार रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।३० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २९ (उन्नतिस) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

## लेखापरीक्षण प्रतिवेदन

**स्थानीय सञ्चित कोषः** आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति / भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ति (क+ख) | | | ६६१६०१२२९.४० | ० | ६६१६०१२२९.४० |
| क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५६६९०२००० | ५३६४९७६४९.९० | ० | ५३६४९७६४९.९० |
| ११००० कर | ११ | ११०८३३००० | ८४९५९४०१.२२ | ० | ८४९५९४०१.२२ |
| १३००० अनुदान | | ४४४८९९००० | ४३९७२५५६८ | ० | ४३९७२५५६८ |
| संघीय सरकार | १२ | ४२२६०४००० | ४१९१६७५६८ | ० | ४१९१६७५६८ |
| प्रदेश सरकार | १२ | २२२९५००० | २०५५८००० | ० | २०५५८००० |
| १४००० अन्य राजस्व | | ११170000 | ११८१२६८०.६८ | ० | ११८१२६८०.६८ |
| ख.अन्य प्राप्ति | | १२९२०१००० | १२५१०३५७९.५० | ० | १२५१०३५७९.५० |
| धरौटी | | ० | २८६३४६८.५० | ० | २८६३४६८०५० |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | १२९२०१००० | १२२२४०१११ | ० | १२२२४०१११ |
| भुक्तानी (ग+घ) | | ७३२६०३००० | ६१४४८०६४३.२० | ० | ६१४४८०६४३.२० |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | | ६०३४०२००० | ४८९११४२०३.२० | | ४८९११४२०३.२० |
| २१००० पारिश्रमिक/ सुविधा | १८ | २११८७०००० | १९९७३८५७१.७० | ० | १९९७३८५७१.७० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ८३७०८००० | ६५२८०६१४.५० | ० | ६५२८०६१४.५० |
| २५००० सहायता(क्गदकष्मथ० | १८ | ८४४७५००० | ८००९२६१३ | ० | ८००९२६१३ |
| २६००० अनुदान | १८ | २०६८००० | १६४८६५६ | ० | १६४८६५६ |
| २७०००सामाजिक सुरक्षा | १८ | २४५०००० | १७३९२३२ | ० | १७३९२३२ |
| २८००० अन्य खर्च | १८ | १८४५००० | १३१३७२१ | ० | १३१३७२१ |
| ३१००० गैर वित्तिय सम्पत्ती/पूँजीगत खर्च | १८ | २१६९८६००० | १३९३००७९५ | ० | १३९३००७९५ |
| घ.अन्य भुक्तानी | | १२९२०१००० | १२५३६६४४० | ० | १२५३६६४४० |
| धरौटी | | ० | २५२१९५२ | ० | २५२१९५२ |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | १२९२०१००० | १२२२४०१११ | ० | १२२२४०१११ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बांकी | | | ६०४३७७ | | ६०४३७७ |
| ङ.यो वर्षको बचत(न्युन) | | ३६५००००० | ४७१२०५८६.२० | ० | ४७१२०५८६.२० |
| च.गतवर्षको जिम्मेवारी रकम(अ.ल्या) | | | ५४९१५८९२.३१ | ० | ५४९१५८९२.३१ |
| वर्षान्तको बांकी रकम(ङ+च) | | | १०२०३६४७८.५१ | | १०२०३६४७८.५१ |
| बैंक तथा नगद बांकी | २४ | | १०२०३६४७८.५१ | | १०२०३६४७८.५१ |

### कोष तर्फको आय व्ययः

| कोषको नाम | गत बर्षको अल्या | यस बर्षको प्राप्ति | जम्मा प्राप्ति | जम्मा खर्च/फिर्ता | मौज्दात |
|---|---|---|---|---|---|
| कर्मचारी कल्याण कोष | २७५१४८१.९० | २००००००.०० | ४७५१४८१.९० | २१३०६६ | ४५३८४१५.९० |
| कृषि वन वातावरण व्यवस्थापन विशेष कोष | ६०००००.०० | ३०००००.०० | ९०००००.०० | ० | ९००००० |
| स्वास्थ्य सामुदायिक विशेष कोष | ४५००००.०० | १०००००.०० | ५५००००.०० | ० | ५५०००० |
| मर्मत सम्भार विशेष कोष | १४५००००.०० | ५०००००.०० | १९५००००.०० | ० | १९५०००० |
| महिला तथा बालबालिका विशेष कोष | १२०१०००.०० | ५०००००.०० | १७०१०००.०० | ० | १७०१००० |
| दैवी प्रकोष उद्दार विशेष कोष | १७५००००.०० | ५५१०००.००. | २३०१०००.०० | ६८२६०५ | १६१८३९५ |
| जम्मा | ८२०२४८१.९० | ३९५१००० | १२१५३४८१.९० | ८९५६७१ | ११२५७८१०.९० |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। नगरपालिकामा १० वडा, ७६।२५ वर्ग किमि क्षेत्रफल तथा पछिल्लो जनगणना अनुसार ३३४९८ जनसंख्या रहको छ। | |
| | **लेखापरीक्षणको क्रममा असूलीः** राष्ट्रपति रनिङ शिल्डको १७ जनाको भत्ता रकम रु।३४५००।०० र शिक्षारतर्फको प्राविधिक धारतर्फको शिक्षकको रु।१२०००।०० समेत गरी रु।४६५००।०० असूल भई दाखिला भएको छ। | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।<br>• पालिकावाट प्राप्त सुत्रको अनुसुची २१ मा विभिन्न निकायमा फिर्ता गर्नुपर्ने अनुदान रु।२८२६९३६५।७० देखाएकोमा मिति २०७७।०३।३१ मा विभिन्न गोश्वारा भौचरबाट सम्पूर्ण रकम सम्वन्धित निकायमा फिर्ता गरेको प्रमाण पेश भएको छ।<br>• पालिकाले पेश गरेको प्रमाणित एकिकृत आर्थिक विवरण अनुसार वर्षान्तको बैंक मौज्दात कोष तथा धरौटी खाता समेत गरी रु।८५७४९६७८।०० रहेको छ। शुत्रको वित्तिय प्रतिवेदन मलेप फारम नं २७२ अनुसार रु।१०२०३६४७८।५१ रहेकोमा आषाढ मसान्तमा फिर्ता भएको रु।२८२६९३६५।७० घटाई रु।७३७६७११२।३० देखियो। एकिकृत आ वि र सुत्रमा फरक परेको रु११९८२५६५।७० विभिन्न कोषमा रहेको भनिएकोमा पालिकाबाट पेश भएको कोष खाताको विवरणमा रु ११२५७८१०।९० मात्र रहेकोले एकिकृत आर्थिक बिवरणमा बढी देखिएको रु ७२४७५४।८० को सम्वन्धमा पालिकबाट एकिन गरी सोको यथार्थ विवरण पेश गर्नुपर्नुपर्दछ।<br>• कर्मचारी कल्याण कोषबाट यस आ व मा रु २१३०६६।०० खर्च भएकोमा सो रकम ऐच्छिक अवकाश भएका कर्मचारी सव इ श्री हरि आचार्यलाई संचित विदावापत भुक्तानी भएको।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोष फिर्ता व्यवस्था भए बमोजिम नगरपालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७७।०३।३१ खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसारको वित्तीय प्रतिवेदन र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणको तथ्याङ्कमा एकरुपता देखिँदैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ। | |
| २. | **गत आ वको जिम्मेवारी अ ल्याः** धरौटी तथा विभिन्न कोष बाहेकको जिम्मेवारी अ ल्या लाई यस प्रकार उल्लेख | |

गरिएको छ।

| ०७६ आषाढको बैंक मौज्दात | म ले प को प्रतिवेदन अनुसार जिम्मेवारी सार्नुपर्ने रकम | ०७५।७६ को चेक साट्न बाँकीको विवरण | २०७६ श्रावण ३१ गतेको बैंक मौज्दात | वास्तविक जिम्मेवारी सार्नुपर्ने रकम | आ व ०७६।७७ मा जिम्मेवारी सारिएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ६९५५७३३७ | ६९५५७३३७ | २३५८६१९०.६१ | ४५९७११४६.३९ | ४५९७११४६.३९ | ४६९१५८९२ | ९४४७४६.०० बढी सारिएको |

पेश भएको विवरण अनुसार आ व ०७६।७७ मा कोष बाहेक रु ४६५४२९०५।०० जिम्मेवारी सार्नुपर्नेमा रु। ४६९१५८९२।०० सारेको पाइयो। बढी जिम्मेवारी रु।३७२९८७।०० को सम्वन्धमा पालिकाले स्पष्ट पार्नुपर्दछ। साथै सुत्रमा त्यो भन्दा बढी जिम्मेवारी रु।५४९१५८९२।३१ भएकोमा जि स स बाट प्राप्त भएको रु।८० लाख समेत सोमा समावेश भएको पालिकाको भनाई रहेको छ।

३. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिए।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- दिगो बिकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न व्यक्ति तथा संघ संस्थालाई वितरण गरेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस गरेको पाइएन।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ र प्रशासनिकतर्फ समेत ६३ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा ४५ पदपूर्ती भई १८ पदमा रिक्त दरवन्दी रहेको देखिन्छ।उक्त रिक्त पद पूर्ति गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखियो।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।
- आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू— जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।
- वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत

| | | |
|---|---|---|
| | अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म आफ्नो अधिकार क्षेत्रभित्रका २९ वटा निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गरेको भएता पनि पालिकाबाट सम्पादन हुने कार्यसंग सम्वन्धित कार्यविधि तथा मूख्य ऐन नै नवनाई कार्यविधि वनाएको पाइयो।<br>• फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ तथा नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दिर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन।<br>• सामाजिक सुरक्षा नियमावली २०७६, को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन।<br>• **निस्क्रिय खाताः** सामाजिक सुरक्षा कार्यक्रकम संचालन कार्यविधि २०७५ अनससूचि ७ को बुंदा न ७ मा सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ अनुसुची ८ को बुंदा नं १० मा बैंकले निष्क्रिय खाताको विवरण स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था छ। लेखापरीक्षणको क्रममा विवरण माग गरेकोमा समेत निस्क्रिय खाताको प्रमाणित विवरण प्राप्त नभएकोले निस्क्रिय खाता भए नभएको यकिन हुन सकेन।<br>• पालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर तथा विद्युतिय सामान लगायतका सम्पत्तीको मुल्याङकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाइएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ४. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा रु.५२ करोड ९५ लाख | |

९८ हजारको बजेट २०७६।०३।१० गते सभा समक्ष पेश गरेकोमा २०७६।३।२३ मा पारित भएको छ।बजेट पारित पश्चात नगरपालिका प्रमुखले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था अनुसार २०७६।३।२७ मा प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गरेको पाइयो।

५. **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष घरबाटो सिफारिसमा २९९, जन्मदर्ता ६४९ , मृत्युदर्ता २२९ , नाता प्रमाणित ५०८ ,नागरीकता शिफारिश १२४४, वसाइसराई ३६ र अन्य २०१ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो।पालिकाले अन्यमा २०१ भनी यसभित्र कुन कुन नखुलाएकोले यथार्थ मान्न सकिएन।तसर्थ पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन।ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

६. **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी शून्य र यो बर्ष थप भएको १३ गरी कुल १३ विवाद दर्ता भएकोमा १० वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

७. **चौमासिको खर्चको स्थितिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिकगत पूजिगत खर्चको स्थिति देहाय बमोजिम छ।आषाढ महिनामा मात्र कूल वार्षिक खर्चको करिव ४७ प्रतिशत खर्च भएको ।यसरी आर्थिक वर्षको अन्त्यतिर मात्र अधिक खर्च गरी योजना संचालन गर्दा संचालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपना समेत प्रभाव पर्ने हुन सक्छ । त्यसैले पालिकाले निर्धारित समयभित्र कार्य सम्पादन गर्नुपर्दछ । (रु. हजारमा)

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १. | सम्पूर्ण पूँजिगत शिर्षक | १३९३०० | ५५७४ | २८९०८ | १०४८१८ | ६१०२० |
| | खर्च प्रतिशत | १०० | ४.०० | २०.७६ | ७५.२४ | ४३.८० |

८. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ।यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट खर्चको स्थितिको देहाय बमोजिम रहेको छ । (रु हजारमा)

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल मध्ये खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २४९१९ | २०१७९ | ४.१२ |
| सामाजिक क्षेत्र | ३२९४३२ | ३०२०९२ | ६१.७६ |
| पूर्वाधार विकास क्षेत्र | १४२९१५ | ८९२९३ | १८.२५ |
| वित्तिय व्यवस्थापन तगा सुशासन | १०७२३ | ८०६८ | १.६६ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९५४१३ | ६९४८३ | १४.२१ |

| | | | |
|---|---|---|---|
| जम्मा | ६०३४०२ | ४८९११५ | १०० |

९. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. २ करोड ०८ लाख ६७ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.५१ करोड ७५६लाख ३१ हजार समेत रु.५३ करोड ६४ लाख ९७ हजार आम्दानी भएकोमा चालुतर्फ रु.३४ करोड ९८ लाख १४ हजार र पूँजिगततर्फ रु.१३ करोड ९३ लाख २८ समेत रु.४८ करोड ९१ लाख १४ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा करिव ४.२७ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.१ करोड ०९ लाख ६२ खर्च भएको छ जुन आन्तरिक आयको ५२.५३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७१.५२ प्रतिशत चालु र २८.४८ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरी प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

१०. **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। नगरपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष संचालित योजनाहरु देहायअनुसार छन्:

| क्र. सं. | ववरण | योजना संख्या | रकम (रु हजारमा) |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | नभएको | नभएको |
| २ | रु १ लाख एक देखि ५ लाख सम्मका योजना | १२१ | ४७७०१ |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ४० | ६३६३९ |
| ४ | रु १० लाख एक देखि ५० लाख सम्मा योजना | ४३ | ६२९९९ |
| ५ | रु ५० लाख भन्दा माथिका योजनाहरु | ९ | ७१७२० |
| | जम्मा | २१३ | २४६०५९ |

११. **कल्याण कोषः** ४७०।२०७७।०३।२९ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले चालु आर्थिक वर्षमा कर्मचारीतर्फको १० प्रतिशत कट्टी नगरी समानिकरण अनुदानवाट रु.२० लाख कर्मचारी कल्याण कोषमा जम्मा गरेको छ। हालसम्म उक्त कोषमा रु.४७ लाख ५२ हजार रकम जम्मा भएकोमा उक्त रकमको खर्चको कार्यविधि नवनाएकाले पालिकाले कार्यविधि वनाउने तर्फ ध्यान दिनुपर्ने देखियो।

१२. **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस स्थानीय तहले यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.१७ लाख ३९ हजार आर्थिक सहायता वितरण गरेको पाइयो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

**आन्तरिक आयतर्फः**

१३. **आन्तरिक आयः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक

| | | |
|---|---|---|
| | तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिस दस्तुर, सम्पत्ति कर, मालपोत रजिष्ट्रेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। यो वर्ष आन्तरिक आयवापत रु.२ करोड ०८ लाख ६७ हजार आम्दानी देखिएको छ। पालिकाले आवश्यक म.ले.प.फा.न.हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| १३.१. | **आन्तरिक आयको विश्लेषणः** पालिकाले यस वर्ष राजश्व बाँडफाड समेत रु.१२ करोड २० लाख ०३ हजार आन्तरिक आय प्राप्त हुने अनुमान गरेकोमा सुत्रको वित्तीय प्रतिवेदनको अनुसुची ११ अनुसार जम्मा रु.९ करोड ६७ लाख ७२ हजार मात्र प्राप्त गरेको देखिन्छ। अनुमान गरेका तीन शिर्षकमा शून्य राजश्व संकलन भएको पाइयो। सवारी साधन कर, मनोरञ्जन कर तथा जलस्रोत सम्वन्धी दस्तुरमा शून्य आय भएकोमा अनुमानमा राखिएको तर उक्त शिर्षकमा शून्य आय हुनुले आगामी वर्षमा पालिकाले आयको प्रक्षेपणमा ध्यान दिनुपर्ने देखियो। | |
| १३.२. | **व्यवसाय दर्ता तथा नवीकरणः** पालिकाले हरेक आर्थिक वर्षमा आर्थिक ऐनद्धारा पालिकाभित्र सञ्चालनमा रहेक विभिन्न व्यवसायको नविकरण सम्वन्धमा करका दरहरु निर्धारण गर्दै आएकोमा पालिकामा आ.व. २०७६।७७ सम्म दर्ता भएका कुल ११५१ वटा व्यवसायमध्ये आ.व. २०७६।७७ मा ८३० वटा मात्र पालिकामा नविकरण भई सञ्चालनमा रहेको पाइयो। नविकरण भएकावाट आ व २०७६।७७ मा निर्धारित दरमा राजस्व संकलन भएको छ भने नविकरण गर्न बाँकी ३२१ व्यवसायवाट के कति राजस्व उठाउन बाँकी छ सोको एकिन गर्न सकिएन। पालिकावाट प्राप्त विवरणअनुसार नविकरण नभएका ३२१ वटा व्यवसायको नविकरण लेखापरीक्षण अवधिसम्म पनि नभएकोले सोबाट प्राप्त हुनुपर्ने राजस्व पालिकामा संकलन नभएको देखिन्छ। पालिकाले व्यवसाय कर तिर्नुपर्ने करदाता कर तिर्न आएपछि मात्र कर लिने र बाँकी वक्यौता कर संकलन गर्न ठोस पहल गरेको देखिदैन। जसबाट पालिकामा सम्वन्धित आर्थिक वर्षमा संकलन हुनुपर्ने राजस्व संकलन हुन नसकेको देखिन्छ। पालिकाले यस सम्वन्धमा समयमा नै व्यवसायको नवीकरण गरी सोही आर्थिक वर्षमा राजश्व आम्दानी गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| १३.३. | **निर्णय बमोजिम पालिकामा रकम प्राप्त नभएकोः** पालिका र गलेश्वरधाम विकास समितिबीच मिति २०७१।०३।२६ गतेका दिन गलेश्वर मन्दिर परिसरभित्रको आम्दानी खर्चको बारेमा समितिका अध्यक्ष लगायतका अन्य सरोकारवालासंगको बैठकको नियर्ण न.१ मा छलफल गरी गलेश्वरधाम विकास समितिले नियमित आम्दानीको लागि व्यापारीक प्रयोजनको लागि भाडामा लगाएका सटर तथा छाप्राहरुबाट प्राप्त हुने रकमको २५ प्रतिशत रकम नगरपालिकामा बुझाउने गरी संझौता भएकोमा उक्त क्षेत्रबाट हालसम्म कति पनि रकम प्राप्त नभएको तथा उक्त क्षेत्रभित्र कति सटर तथा छाप्रोहरु भाडामा लगाएको सोको एकिन समेत नभएकोले पालिकाले सोको एकिन गरी संझौता बमोजिमको रकम प्राप्त गर्नुपर्दछ। | |
| १३.४. | **संझौता बमोजिमको रकम प्राप्त नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने तथा सार्वजनिक निकायले प्राप्त गर्नुपर्ने आम्दानी समयमै प्राप्ती गरी वैक दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न शिर्षकबाट संझौता अनुसार वार्षिक रु.३४०९१०४।०० आम्दानी हुनुपर्नेमा रु.१४०९२०४।०० मात्र आय प्राप्त भएकोले संझौता बमोजिम प्राप्त नभएको रु.१२११७१६।०० सम्वन्धितबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | १२११७१६/- |

| सि न | शिर्षक | जम्मा | प्राप्त हुनुपर्ने | प्राप्त हुनुपर्ने | प्राप्त भएको | कम आम्दानी |
|---|---|---|---|---|---|---|

| | | संख्या | मासिक आम्दानी | बार्षिक आम्दानी | बार्षिक आम्दानी | |
|---|---|---|---|---|---|---|
| १. | काउन्टरबाट | ११ | ५५००० | ६६०००० | १४०९२०४ | १९९९९०० |
| २. | छाप्रो एंव ट्याङ्कीबाट | २ | ५५७७५ | ६६९३०० | | |
| ३. | कोठाभाडाबाट | १३ | १६५३१७ | १९८३८०४ | | |
| ४. | ठेला तथा सार्वजनिक जग्गाबाट | १० | ८००० | ९६००० | | |
| | | जम्मा | २८४०९२ | ३४०९१०४ | १४०९२०४ | १९९९९०० |

माथि उल्लिखित रकममा सार्वजनिक जग्गा प्रयोग गरी बसेका यातायात व्यवसायीहरुलाई २०७६ साल चैत्र देखि भाद्र सम्म ६ महिनाको र ठेलागाँडाको २ महिनाको छुट दिने कार्यपालिकाको निर्णय बमोजिम उल्लिखित रकम रु.१९९९९००।०० मा रु.७८८१८४।०० छुट रकम घटाई बाँकी रु.१२११७१६।०० वेरुजु कायम भएको छ।

१३.५. **कम राजश्व असूलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, बालुवाको विक्रीवापत प्राप्त रकम पालिकाको संचित कोषमा जम्मा गर्ने तथा गडण्की प्रदेश सरकार ढुंगा, गिट्टी, बालुवा उत्खनन संकलन क्रसिङ्ग र विक्रीवितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ मा सम्वन्धित स्थानीय तहले दोस्रो पक्षसंग ढुंगा, गिट्टी, बालुवा उत्खनन ठेक्का संझौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजश्व संकलन गर्नपर्ने व्यवस्था छ।नगरपालिकाले निम्न निर्माण व्यवसायीसंग आ।व ०७६।७७ को अन्त्यसम्ममा सवै किस्ताको रकम बुझाउने गरी आफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी तथा बालुवा उख्खननको ठेक्का संझौता गरेकोमा संझौता बमोजिमको रकम हालसम्म पनि प्राप्त नभएकोले सम्वन्धितबाट रु। ४७३३९।०० असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु॥ ४७३३९/-

| सि न | घाटको नाम | निर्माण व्यवसायी एंव व्यक्ति | ठेक्का न | संझौता बमोजिम प्राप्त हुनुपर्ने रकम | प्राप्त भएको रकम | उठ्न बाँकी रकम |
|---|---|---|---|---|---|---|
| १. | अग्निखेत तल्लो चुत्रिनी | सोमरस निर्माण सेवा | १ | २५८००० | २४१७४५ | १६२५५ |
| २. | माथिल्लो सर्जेनी वगर | रुद्र बहादुर घर्ती | २ | ५०१००० | ४६९९१६ | ३१०८४ |
| | | जम्मा | | ७५९००० | ७११६६१ | ४७३३९ |

१३.६. **निर्णय बमोजिमको रकम प्राप्त नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने तथा सार्वजनिक निकायले प्राप्त गर्नुपर्ने आम्दानी समयमै प्राप्ती गरी वैक दाखिला गर्नुपर्ने पालिकाबाट भएको निर्णय तथा संझौता बमोजिमको रकम संकलन गर्नुपर्नेमा पालिकाको क्षेत्राधिकार भित्र पर्ने सिंगा तातोपानी कुण्डमा लगाईने प्रवेश शुल्क र सहयोग रसिदको कूल रकमको २५ प्रतिशतले हुने रकम नगरपालिकामा जम्मा गर्ने मिति २०७१।०३।०५ को निर्णय न १ ले गरेकोमा संझौता तथा निर्णय बमोजिमको रकम प्राप्त नभएकोले कुण्डको वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुसार उक्त कुण्डमा उल्लिखित शिर्षकबाट आर्थिक वर्ष २०७५।७६ मा रु.८४३५५३३।०० तथा आ.व. ०७६।७७ को प्रमाणित आर्थिक विवरणमा रु.६५९५६०८।०० समेत गरी रु. १५०३११४१।०० प्राप्त भएकोले उक्त रकमको २५ प्रतिशतले हुने रु.३७५७७८५।०० पालिकामा प्राप्त नभएकोले उक्त रकम असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नपर्ने रु.. ३७५७७८५/-

| आ व | शिर्षक | संकलित रकम | २५ प्रतिशतले हुने रकम |
|---|---|---|---|
| ०७५.७६ | प्रवेश शुल्क बापत | ५४७९२०० | १३६९८०० |
| | चन्दा सहयोग | २४३३२८२ | ६०८३२१ |
| | मिनीकुण्ड | ४५९६०० | ११४९०० |
| | बाथटप | ६३४५१ | १५८६३ |

| | | | |
|---|---|---|---|
| | जम्मा | ८४३५५३३ | २१०८८८४ |
| ०७६.७७ | प्रवेश शुल्क बापत | ३७३७७५१ | ९३४४३८ |
| | चन्दा सहयोग | १९७५९५७ | ४९३९८९ |
| | मिनीकुण्ड | ८४५९०० | २११४७५ |
| | बाथटप | ३ ००० | ९००० |
| | जम्मा | ६५९५६०८ | १६४८९०२ |
| | **कूल जम्मा** | १५०३११४१ | ३७५७७८५ |

**कोभिड-१९ तर्फः**

१४. आ.व २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण तथा नमुना छनौटको आधारमा श्रेस्ता परीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार रहेको छ।

| आम्दनी स्रोत | रकम | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| स्थानीय तहको आफ्नै स्रोतबाट | १०६०५००० | राहत वितरण | ३३८२९०४ |
| संघिय कोभिड कोषवाट | २६५३७५ | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ११७६५५ |
| प्रदेश कोभिड कोषवाट | १०००००० | औषधी, स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | १५६५९६३ |
| अन्य स्रोतवाट | १८५४९९८ | जनशक्ती परिचालन | ५१४९३६ |
| जि. स. स. बाट | ०.०० | आईलेशन केन्द्र | १७८३००० |
| | | अन्य शिर्षकमा | ७७२१९१ |
| | | वाँकी | ५५८८७२४ |
| जम्मा | १३७२५३७३ | जम्मा | १३७२५३७३ |

कोरोना नियन्त्रण तथा रोकथाम सम्वन्धि भएको खर्चमा अन्य शिर्षकमा रु ७७२१९१।०० खर्च भएकोमा उक्त रकम कुन कुन शिर्षकमा भएको पालिकाबाट सोको एकिन विवरण पेश हुनुपर्दछ।

१४.१. **प्रतिकार्य (स्वंमसेवक) मा भएको खर्चः** नगरपालिकाले कोभिड १९ को समयमा कोभिडको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि प्रत्येक वडाका वडाध्यक्षहरुको संयोजकत्वमा कोभिड १९ प्रतिकार्य वडास्तरीय समितिको गठन गरी प्रत्येक वडाका नाकाहरुमा प्रति वडा ५ जनाका दरले उक्त समयमा रोजगारी गुमेका, गरिव, विपन्न ब्यक्तिहरु सम्मिलित स्वंमसेवक समूह गठन गरी ६ वटै वडाबाट निम्न नुसार उनीहरुलाई ३० दिनको प्रतिदिन रु.५००।०० का दरले भुक्तानी भएको जम्मा रु.३७२५००।०० खर्च भएकोमा यसरी भएको खर्चलाई नियम संमत मान्ने आधार नदेखिएको रु.. ३७२५००/-

| सि न | वडा न | स्वंमसेवक संख्या | जम्मा दिन | दर | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | ४ | ५ | २२ | ५०० | ५५००० |
| २ | ५ | ५ | २२ | ५०० | ५५००० |
| ३ | ६ | ५ | २२ | ५०० | ५५००० |
| ४ | ७ | ५ | १४ | ५०० | ३५००० |
| ५ | ८ | ५ | २० | ५०० | ५०००० |
| ६ | १० | ५ | ४९ | ५०० | १२२५०० |
| **जम्मा** | | ३० | १४९ | ३००० | ३७२५०० |

**समानीकरण चालुः**

१५. **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले यो वर्ष खाना तथा विविधमा रु।३२ लाख ८७ हजार खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

१६. **कृषिमा अनुदानः** कृषि अनुदानको रकम वितरण गर्दा निश्चित मापदण्ड तथा कार्यविधी बनाएर मात्र वितरण

| | | |
|---|---|---|
| | गर्नुपर्दछ। सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गर्नुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरेर मात्र वितरण गर्नुपर्दछ। पालिकाले स्पष्ट कार्यविधि वेगर निर्णयका आधारमा मात्र कृषि अनुदान वितरण गरेको पाइयो। यस सम्वन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७. | **दोहोरो सुविधाः** गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ को दफा ८ मा सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनयन भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तिभरण वा ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र सुविधा पाउने व्यवस्था गरेकोमा उक्त ऐनमा संशोधन गर्न मिति २०७६ भाद्र १३ गते प्रकाशित राजपत्रनुसार पारिश्रमिक र सुविधा सम्वन्धी केही कानूनलाई संशोधन गर्न वनेको ऐन, २०७६ को दफा २ ले साविकको दफा ८ लाई झिकिएकोमा पालिकाका पदाधिकारीले उक्त मिति पश्चातको मात्र दोहोरो सुविधा लिन मिल्नेमा निम्न पदाधिकारीले श्रावण तथा भाद्रको १२ सम्मको दोहोरो सुविधा लिएकोले ऐनको विपरीत बढी सुविधा लिएको रकम रु.१०३९५०।०० सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु॥ | १०३९५०/- |

| पद | नाम थर | सुविधा लिएको महिना | रकम | बढी खर्च |
|---|---|---|---|---|
| नगर प्रमुख | हरी कुमार श्रेष्ठ | २०७६ साल श्रावण र भाद्र १२ सम्म | ४८५१० | ४८५१० |
| वडाध्यक्ष | गोविन्द पौडेल | २०७६ साल श्रावण र भाद्र १२ सम्म | २७७२० | २७७२० |
| वडा सदस्य | टेक बहादुर थापा | २०७६ साल श्रावण र भाद्र १२ सम्म | १३८६० | १३८६० |
| वडा सदस्य | दयासागर शर्मा | २०७६ साल श्रावण र भाद्र १२ सम्म | १३८६० | १३८६० |
| | | जम्मा | १०३९५० | १०३९५० |

| | | |
|---|---|---|
| १८. | **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) अनुसार सार्वजनिक निकायले एक लाख भन्दा वढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तीमा तीनवटा आपर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकवाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने तथा नियमावलीको नियम १९ मा सार्वजनिक निकायले रु. २०(बीस) हजार भन्दा बढीको कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्वर तथा मू.अ. कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म तथा संस्थासंग मात्र खरिद गर्नुपर्नेमा पालिकाले नियमको परिधिभित्र नभई विभिन्न फर्मसंग पटक पटक गरी विभिन्न मितिमा वार्षिक रु ३६ लाख ८१ हजार मूल्यका मालसामान खरिद गर्दा स्थायी लेखा नम्वर तथा मू.अ. कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म तथा संस्थासंग नगरी भण्डार शाखाबाट सामान्य चिट स्लिपका आधारमा एंव लिखित दरभाउपत्र वा प्रस्ताव वेगर नै खरिद गरेको पाइयो। यसरी नियमावली विपरित खरिद गरेको कार्य अनियमित देखिएको रु॥ | ३६८१०००/- |
| १९. | **दोहोरो अनुगमन भत्ताः**२३३।२०७६।१२।०७ गण्डकी प्रदेश सरकारले जारी गरेको गाँउसभा, जिल्लासभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ९ मा पदाधिकारीहरुले आफ्नो क्षेत्रभित्रको काममा दैनिक भत्तावापतको रकम समेत लिन नमिल्ने तथा अनुसूचीको (ख) मा नगरपालिकाका पदाधिकारीहरुले पाउने मासिक अनुगमन सुविधा वापत सम्पूर्ण पदाधिकारीहरुले कार्तिकदेखि आषाढ सम्मको एकमुष्ट रुपमा तोकिएको दरमा सुविधा लिएकोमा ऐनले तोकेको भन्दा फरक समेत भुक्तानी लिएकोले उल्लिखित गोश्वारा भौचरबाट भुक्तानी पाउने ७ जना वडाध्यक्ष, ४ कार्यपालिका सदस्य तथा २२ जना वडा सदस्यहरुबाट दामासाहीले दोहोरो लिएको जम्मा रु. १२५१००।०० असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु॥ | १२५१००/- |

| | | |
|---|---|---|
| २०. | **स्वीकृत दरवन्दी वेगरको करार सेवाः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा अन्य रुपमा कर्मचारीहरु राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने व्यवस्था गरेको छ।नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ र ८७ तथा मन्त्रालयबाट जारी भएको उपरोक्त कार्यविधिमा उल्लिखित विपरीतको विभिन्न ३ पदमा जम्मा ६ जनालाई मासिक जम्मा रु.१ लाख ५८ हजारका का दरले तलब सुविधा तोकी दशै खर्च समेत १३ महिनाको जम्मा भुक्तानी भएको रकम नियम संमत नभएको रु... | २०५७१२०/- |
| २१. | **पोशाक खर्चः** नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।०१।२१ को निर्णयनुसार सवै निकायमा एकरुपता कायम हुने गरी स्वीकृत दरवन्दीभित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष ०७४।७५ बाट लागू हुने गरी सालवसाली रुपमा एक (१) पटक चैत्र महिनामा पोशाक भत्ता निजामति कर्मचारीले सरह उपलब्ध गराउने सम्वन्धमा नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।०१।२५ गते परिपत्र गरेकोमा नगरपालिकाले निम्न व्यत्तिहरुलाई करार सेवामा लिई निर्णय विपरीत पोशाक खर्च भुक्तानी दिएकोले सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.. | ६००००/- |

| सि न | पद | नाम थर | पोशाक खर्च |
|---|---|---|---|
| १. | सहायक स्तर पाँचौ | युवराज आचार्य | १०००० |
| २. | सहायक स्तर पाँचौ | सविता कँडेल | १०००० |
| ३. | सहायक स्तर चौथो | निर्मला सुवेदी | १०००० |
| ४. | सहायक स्तर चौथो | दिपक शर्मा | १०००० |
| ५. | सहायक स्तर चौथो | ज्ञानेन्द्र के सी | १०००० |
| ६. | सहायक स्तर तृतीय | देवी खत्री कार्की | १०००० |
| | | जम्मा | ६०००० |

**राष्टपति रनिङ्ग शिल्डतर्फः**

| | | |
|---|---|---|
| २२. | **प्रयोजन नखुलाई रकम भुक्तानीः** आर्थिक कार्यविधि नियमावली २०६४ को निमय ३६ ३ मा सार्वजनिक निकायले सरकारी रकमको खर्च गर्दा सो खर्चलाई प्रमाणित गर्ने बिल भरपाईका आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले मिति २०७६।११।०२ देखि ०४ सम्म भएको दोस्रो राष्टपति नरिङ शिल्ड प्रतियोगितामा भएका विभिन्न प्रकारका कार्यक्रमको लागि पेश्की लिई सोको फछ्यौट गर्दा निम्न व्यक्तिहरुलाई भएको भुक्तानी के वापत भुक्तानी भएको सो समेत नखुलाई सोझै भुक्तानी गरिएको छ।पेश्की लिई फछ्यौट गर्ने कर्मचारीले समेत उक्त खर्चको प्रयोजन स्पष्ट पार्न नसकेकोले यसरी वितरण भएको रकम सम्वन्धितबाट यथाशिघ्र असूल गरी दाखिला गर्नुपर्ने रु | ४९४४४/- |

| सि न | रकम बुझ्ने व्यक्तिको नाम | रकम |
|---|---|---|
| १. | लक्ष्मण रेग्मी | १२०० |
| २. | कमल घर्तीमगर | ३५३० |
| ३. | विकेश सेरपुर्जा | ३५३० |
| ४. | लोकेन जिसी | ३५३० |
| ५. | पुष्कल के सी | ३५३० |
| ६. | राजेश खत्री | ३५३० |
| ७. | विपेश खत्री | ३५३० |
| ८. | रेजन श्रेष्ठ | २३५५ |
| ९. | प्रताप कार्की | ११७७ |

| | | |
|---|---|---|
| १०. | नविन के सी | ११७७ |
| ११. | चतुरे के सी | १८०० |
| १२. | लक्ष्मण के सी | २३५५ |
| १३. | सन्देश श्रीस | ३६०० |
| १४. | निराशा मगर | २४०० |
| १५. | सुनिता तामाङ्ग | २४०० |
| १६. | बर्षा परियार | १२०० |
| १७. | सन्देश थापा | १२०० |
| १८. | सन्ध्या परियार | २४०० |
| १९. | मोहन बाँनिय | ३००० |
| २०. | गोपाल शर्मा | १००० |
| २१. | कौशिलादेवी घर्ती | १००० |
| | जम्मा | ४९४४४ |

२२.१. **मापडण्ड भन्दा बढी दरको प्रयोगः २५२।२०७७।०१।१७** गण्डकी प्रदेश सरकारले जारी गरेको खर्चको मापदण्ड, २०७५ को बुदाँ न ६(५) मा सार्वजनिक निकायबाट संचालित गोष्ठी सेमिनार संमेलन कार्यशाला तालिम लगाएतका कार्यक्रमका सहभागीहरुलाई खाना तथा खाजाको दर प्रति व्यक्ति प्रतिदिन तोकिएकोमा पालिकाबाट संचालित दोस्रो राष्टपति नरिङ शिल्ड प्रतियोगितामा निम्न नुसार मापदण्डले तोकेको भन्दा फरक दरमा खर्च भएकोले उल्लेखित रकम वरावरले स्थानीय सरकारलाई थप व्ययभार परेको रु. ९३५००/-

| विवरण | हुनुपर्ने दर प्रति पटक | भएको दर | फरक दर | संख्या | बढी खर्च |
|---|---|---|---|---|---|
| खाना सेट | २०० | ४५० | २५० | ३७४ | ९३५०० |
| | जम्मा | | | | ९३५०० |

२२.२. **प्रतियोगिता भएको मिति अगाडी रेफ्रीलाई खर्च भुक्तानीः** नगरपालिकाले मिति २०७६।११।०२ देखि ०४ सम्म दोस्रो राष्टपति नरिङ शिल्ड प्रतियोगितामा संचालन गरेकोमा उक्त प्रतियोगिताको १७ जना रेफ्री भनी ३ दिनको प्रतिदिन रु.१५००।०० का दर जम्मा रु.६०२००।०० खर्च लेखेको पाइयो।भरपाईमा मिति २०७६।१०।२९ देखि ३ दिनसम्म प्रतियोगितामा रेफ्रीको रुपमा काम गरेको आधार देखाई भएको खर्चमा स्पष्ट हुन नसकिएकोले यसरी भएको खर्चवाट स्थानीय सरकारलाई थप व्ययभार रु... ६०२००/-

२३. **पोशाक खर्चः २४५।२०७७।०१।०४** नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।०१।२१ को निर्णयनुसार सवै निकायमा एकरुपता कायम हुने गरी स्वीकृत दरवन्दीभित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष ०७४।७५ बाट लागू हुने गरी सालवसाली रुपमा एक (१) पटक चैत्र महिनामा पोशाक भत्ता निजामति कर्मचारीले सरह उपलब्ध गराउने सम्वन्धमा नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।०१।२५ गते परिपत्र गरेकोमा नगरपालिकाले पालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत तथा अध्ययन विदामा रहेका शिक्षक एंव स्रोत व्यक्तिको सट्टामा गलेश्वर मावि १, प्रकाश मा वि १, प्रकाश उच्च मा वि १ र पौलत्य मावि १ समेत गरी जम्मा ४ जना दरवन्दी बाहिर करार सेवामा कार्यरत शिक्षकहरुलाई पोशाक खर्च भुक्तानी दिएकोले प्रति विद्यालयबाट रु.१००००।०० का दरले रु.४००००।०० असूल गरी दाखिला गर्नुपर्ने रु। ४००००/-

२४. **आर्थिक सहायताः** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता

कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको वित्तीय समानीकरण अन्य सस्था सहायता शिर्षकबाट रु.१७ लाख ३९ हजार आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिलकाको समानिकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आ. व. मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्।

| गो भौ न र मिति | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | सहायता रकम |
|---|---|---|
| २६.२०७६.०७.०४ | कोपिला पौडेल | १०००० |
| ५२.२०७६.०७.२५ | परम वैदिक सनातन धार्मिक आश्रम रत्नेचौर | १५०००० |
| ५९.२०७६.०७.२७ | प्रकाश मा वि मेलापर्व | ५००० |
| ६०.२०७६.०७.२८ | गणेश चोखाल मेला पर्व मठ मन्दिर | ९२०० |
| ६१.२०७६.०८.०२ | महारानी क्षेत्र विकास समिति पूजा व्यवस्थापन | ५०००० |
| ६७.२०७६.०८.०२ | सूर्यकिरण युवा क्लव | १५००० |
| ८३.२०७६.०९.०९ | वडा नं ५ को युवा क्लवलाई भुक्तानी | १०००० |
| १०७.२०७६.०९.१० | धन कुमारी उपाध्याय | १५०००० |
| १०७.२०७६.०९.१० | वडा नं ७ को विविध मेला कार्यक्रम | १०००० |
| १३१.२०७६.०९.२५ | आर्थिक सहायता खडग बहादुर खत्री | १०००० |
| १३६.२०७६.०९.२५ | विक्रम थापा मगर | १०००० |
| १४१.२०७६.०९.२९ | चौमती चोचागे | १०००० |
| १४९.२०७६.१०.१४ | वडा कार्यालयको सिफारिस मठ मन्दिर सहायता | १०००० |
| १८६.२०७६.१०.२९ | गोविन्द बहादुर कट्वाल | १०००० |
| १९७.२०७६.११.११ | मनविर थापा मगर | १०००० |
| २८६.२०७७.०२.१९ | वडा सदस्य कमला नेपाली | ५०००० |
| | जम्मा | ५१९२०० |

२५. **अनुत्पादक तथा वितरणमुखी खर्चः** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले आर्थिक सहायता तथा विभिन्न क्लव तथा संघ संस्थालाई सामाजिक सहायता शिर्षकमा वार्षिक रु.१७ लाख ३९ हजार खर्च भएको म. ले. फा. न. २७२ बाट देखिन्छ। समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा भएको खर्चलाई उल्लेख गरिएको छ। यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो भौ न र मिति | भुक्तानी पाउने व्यक्ती तथा संस्थाको नाम | रकम |
|---|---|---|
| ११४.२०७६.०९.१७ | वडा नं ४ को राक्से आमा समूहलाई नौमती वाजा खरिदको लागि | १५०००० |
| ११७.२०७६.०९.२१ | वडा नं १ नौमती वाजा खरिद कार्यको लागि | ५०००० |
| १२०.२०७६.०९.२२ | विश्व हिन्दु महासंघ तथा म्याग्दी जेसिस | ७०००० |
| १२५.२०७६.०९.२४ | वडा नं १ को कार्यालयको मठ मन्दिर तथा पन्चेबाजा खरिद | ५०००० |
| १२६.२०७६.०९.२४ | बडा नं ७ को सिफारिसमा मगर संघलाई रकम भुक्तानी गरिएको | ३०००० |

| | | |
|---|---|---|
| १३९.२०७६.०९.२९ | नेपाल रेडक्रस सोसाइटीलाई रकम भुक्तानी | ७५००० |
| १५७.२०७६.१०.१७ | साजन फगामी मेयर कपको लागि सोझै निवेदनका आधारमा भुक्तानी | ४०००० |
| १६९.२०७६.१०.२२ | म्याग्देली विद्यार्थि परिवार हाजिरी जवाफ प्रतियोगिता | १२५००० |
| १७३.२०७६.१०.२३ | विश्व हिन्दु महासंघ | २५००० |
| २०४.२०७६.११.१५ | हिरामती कामीलाई भुक्तानी भएको | २०००० |
| २०९.२०७६.११.१८ | परम बैदिक सनातम धार्मिक आश्रम | १००००० |
| २१६.२०७६.११.२९ | विभिन्न संघ संस्थालाई आर्थिक सहायता | ११०००० |
| २२५.२०७६.१२.०४ | वडा कार्यालयको सिफारिसमा मगर संघलाई रकम भुक्तानी भएको | १००००० |
| २२६.२०७६.१२.०५ | वडा नं १ को एकता अर्जम सांस्कृतिक समूह | ५०००० |
| २३४.२०७६.१२.०९ | युवा खेलकुद सांस्कृतिक कार्यक्रम | १००००० |
| २३६.२०७६.१२.०९ | वाल मन्दिर विद्यालयको लागि कपडा खरिद | १००००० |
| २७५.२०७७.०२.१३ | गणेश आमा समूहलाई भुक्तानी | ९८००० |
| २८५.२०७६.०२.१८ | दारुम उरुम नुरे मुहव्दी मदर्सा पुस्तक खरिद | ४०००० |
| | जम्मा | १३३३००० |

२६. **फोहोरमैला व्यवस्थापनः** नगरपालिका तथा मिशन फोर वेष्ट म्यानेजमेन्ट प्रा.लि. पोखरा कास्की ५ संग मिति २०७६।०४।०१ गतेदेखि २०७६।१०।२९ गतेसम्म कार्य गरेवापत फोहोरमैला व्यवस्थापनबाट संकलित रकमको ६० प्रतिशतले हुने रकम दोस्रो पक्षलाई भुक्तानी गर्ने, दोस्रो पक्षबाट भएको कार्य सन्तोषजनक भएमा प्रथम पक्षले २०७७ आषाढ समान्तसम्म संझौता अवधिलाई थप गर्ने सकिने व्यवस्था बमोजिम फागुन ०१ गतेबाट लागू हुने गरी मासिक रु.१६००००।०० भुक्तानी हुने गरी दोस्रो संझौता गरेको पाइयो।संझौता, संकलित रकम तथा भुक्तानीको मोडेललाई हेर्दा फोहोरमैला व्यवस्थापक यहाँ दोस्रो पक्षको हितमा रहेको पाउन सकिन्छ।सेवाग्राहीले अग्रिम रुपमा एकमुष्ट रकम नगरपालिकामा बुझाएमा शुल्कमा १० प्रतिशतले हुने रकम छुट दिने भएकोले अघिल्ला महिनामा रकम संकलन बढी हुने एंव क्रमश पछिल्लो महिनामा कम रकम प्राप्त हुने देखियो।धेरै रकम संकलन हुने महिनाको संकलित रकमको प्रतिशतमा भुक्तानी हुने तथा पछिल्लो कम हुनेमा लमसममा भुक्तानी हुदाँ पालिकाबाट बढी भुक्तानी भएको पाइयो।कूल वार्षिक आम्दानी रु.१८ लाख ८९ हजार भएकोमा दोस्रो पक्ष प्रा लि ले रु.१५ लाख ६३ हजार रकम भुक्तानी दिएको देखिन्छ।दोस्रो पक्षलाई अघिल्लो ७ महिनाको ६० प्रतिशतलाई आधार मानी भुक्तानी गर्दा करिव रु.६ लाख ६१ हजार र बाँकी ५ महिनाको रु.८ लाख समेत गरी रु.१४ लाख ६१ हजार हुन आउँछ।कूल आम्दानीको ६० प्रतिशतलाई आधार मान्दा रु.११ लाख ३३ हजार मात्रै भुक्तानी हुनुपर्नेमा जम्मा रु.१५ लाख ६३ हजार भुक्तानी भएकोले पालिकाबाट रु ४ लाख ३० हजार बढी भुक्तानी भएको देखियो।वार्षिक आम्दानीबाट मासिक सरदर आम्दानी रु.१ लाख ५७ हजार हुन आउने देखियो ।मासिक आम्दनीलाई आधार मान्दा समग्रमा मिशन फोर वेष्ट म्यानेजमेन्ट प्रा.लि पोखरालाई रु.१ लाख ०२ हजार बढी भुक्तानी भएको देखियो।यसरी पालिकाले फरक फरक संझौता गरी दोस्रो पक्षको हितमा हुने संझौता गरी भुक्तानी गरेकोले पालिकालाई थप व्ययभार परेको रु... १०२०००/-

२७. **भरपाई वेगरको भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च लेख्दा विल भरपाई सहित खर्च लेख्नुपर्ने व्यवस्था छ।नगरपालिकाले विभिन्न प्रयोजनका लागि निम्न व्यक्तिहरुलाई भुक्तानी दिएकोमा खर्चलाई प्रमाणित गर्ने कागजात वेगर भुक्तानी भएकोले उक्त खर्चलाई प्रमाणित गर्ने कागजातको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्वन्धितबाट भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु... १४८४२०/-

| सि. न. | गो भौ न र मिति | भुक्तानी पाउनेको पद नाम थर | बापत | भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १. | ३८३.२०७७.०३.२७ | वडा सचिव राजाराम शर्मा | विविध खर्च तथा अन्य | २१००० |

| | | | | |
|---|---|---|---|---|
| २. | ३८२.२०७७.०३.२६ | वडा सचिव याम बहादुर थापा | विविध खर्च तथा अन्य | २१८०० |
| ३. | ३७१.२०७७.०३.२५ | वडा सचिव प्रभा शर्मा | विविध खर्च तथा अन्य | १६०८० |
| ४. | ३७६.२०७७.०३,.२६ | वडा सचिव आराम थापा | विविध खर्च तथा अन्य | २०१४० |
| ५. | ३६९.२०७७.०३.२४ | वडा सचिव दीर्घ प्रसाद शर्मा | विविध खर्च तथा अन्य | ३९४०० |
| ६. | ३६६.२०७७.०३.२४ | वडा सचिव रमेश पौडेल | विविध खर्च तथा अन्य | ३०००० |
| | | | जम्मा | १४८४२० |

**वित्तीय समानीकरण पूँजीगतः**

२८. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ। यसतर्फ नगरपालिकाले अगामि दिनमा सुधार गर्नुपर्दछ।

२९. **उपभोक्ता समिति छनौटः** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सव सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाटगराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ ।

३०. **खरिद सम्झौता:** सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ (१) अनुसार सार्वजनिक निकायले बोलपत्र आह्वान गर्नु अघि बोलपत्र सम्बन्धी कागजात तयार गर्नु पर्ने र दफा २ दफा १ बमोजिमको बोलपत्र सम्बन्धी कागजातमा क देखी ध सम्मका विभिन्न विषय खुलाउनु पर्ने व्यवस्था छ । साथै दफा ५२ (२) मा खरिद सम्झौतामा बोलपत्र सम्बन्धी कागजात प्रस्ताव सम्बन्धी कागजात वा सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराममा उल्लिखित शर्तहरु समावेश गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले बोलपत्र र सिलबन्दी दरभाउ पत्र आव्हान गर्दा बोलपत्र सम्बन्धी कागजात स्विकृत एवं सम्झौतामा उल्लेख गरेको पाइएन। नगरपालिकाले निर्माण व्यवसायीसंग एक पाने सम्झौता गरेको छ जसमा सम्झौता रकम पेश्की कार्य सम्पन्न गर्नुपर्ने मिति म्याद थापका कुरा मात्र खुलाएको छ । सम्झौतामा विमा गुणस्तर कार्यसम्पादन जमानत त्रुटी सच्चयाउने अवधि पेश्की फर्छ्यौटका विषय निर्माण कार्यको गुणस्तर हर्जना मूल्य समायोजन खरिद सम्झौता रद्द गर्ने लगायत ऐनले

तोकेका विषय समावेश नगरी खरिद सम्झौता गरेको देखिन्छ जुन नियमसम्मत देखिदैन। जसको कारणले गुणस्तरीय काम नहुने समयमा कार्य सम्पन्न नहुने त्रुटी सच्याउने अवधीमा गर्नु पर्ने काम नहुने जस्ता समस्या हुन भएकोले नगरपालिकाले खरिद ऐन नियमावलीमा भएको व्यवस्थालाई पुर्ण रुपमा पालना गर्नु पर्दछ।

३१. **पुंजीगतवाट चालु खर्चः** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा पुंजीगत शिर्षकमा विनियोजन वजेट चालु खर्च गर्न नपाइने उल्लेख छ। यस नगरपालिकाले यस आ.व मा सभाबाटै नै पारित गरी चालु प्रकृतिको खर्च पुंजीगत वजेटमा समावेश गरी खर्च लेखेको मध्ये लेखापरीक्षण छनौट गरी परीक्षण गर्दा रु ११४८१९०|- चालु खर्च पुंजीगत वजेटमा समावेश गरी खर्च गरेको पाइयो। पुंजीगतवाट गरिएको चालु प्रकृतिका खर्च मध्ये अधिकांश खर्च,खेलकुद कार्यक्रम प्रवर्द्धन खर्च, आर्थिक सहयोग खर्च, विभिन्न दिवस र सम्मान खर्च, विभिन्न जाति विशेषको पर्व खर्च आदि समावेश भएका देखिन्छ। पुंजीगत खर्चमा वजेट राखि चालु प्रकृतिका खर्च गरी पुंजीगत खर्चको वजेट देखाउने कार्य नियमसम्मत देखिदैन। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरी वजेट खर्च लेखिनु पर्दछ। पुंजीगत शिर्षकबाट गरीएको चालु खर्चको केहि उदाहरण यस प्रकार छन्

| **गो.भौ.न र मिति** | **चालु प्रकृतिका खर्च विवरण** | **रकम** |
|---|---|---|
| १६-२०७६/७/२० | अमा समूहलाइ भाडा वर्तन र साडी खरिद | २५०००० |
| ३०-२०७६/८/२ | मन्दिर व्यवस्थापन खर्च | ९४१९० |
| ६४-२०७६/९/२२ | आमा समूहलाई भाडा खरिद | ११०००० |
| ८५-२०७६/१०/१२ | वोयर बोका खरिद | २००००० |
| ९३-२०७६/१०/१५ | विरुवा खरिद | ३८००० |
| १३७-२०७६/१२/३ | आर्थिक सहायता | १०००० |
| ३०८-२०७६/३/२५ | विरुवा उत्पादन खर्च | १९३००० |
| १६५-२०७७/१/३१ | किवी विरुवा वितरण, भकारो सुधार | १०३००० |
| २४७-२०७७/३/७ | वोयर बोका खरिद | १००००० |
| | **जम्मा** | **११४८१९०** |

३२. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न योजनामा ग्याविन जाली बुन्ने र त्यसमा ढुंगा भर्ने कामको भुक्तानी दिंदा प्रयोग भएको जालीको साइज अनुसार भुक्तानी दिनु पर्नेमा विभिन्न साइजको जालीको दर निकालेर औसत गरेर भुक्तानी दिएको पाइयो । जालीको दर साइज अनुसार फरक रहेको र उपभोक्ता समितिले पेश गरेको जाली खरिद विल अनुसार धेरै योजनामा २×१×१ र १.५×१×१ को जाली प्रयोग भएको देखिएकोले देहायबमोजिम बढि भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु॥ २२६३२३/-

| गोश्वरा भौचर र मिति | कामको विवरण | प्रयोग भएको जालीको साइज | परिमाण cum | भुक्तानी भएको दर | दर विश्लेषण अनुसारको दर | बढी दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ६८-२०७६/९/२३<br>३०६-२०७७/३/२५ | दुधेखोला भम्किली सडक स्तरउन्नति | २×१×१ | १५६ | ४२२२.३७ | ४०१४.७९ | ० | ३२३८२ |
| | | १.५×१×१ | ७५ | ४२२२.३७ | ४१९७.९५ | २४.४२ | १८३२ |
| ५७-२०७६/९/२१ | महारानी थान सडक स्तरउन्नति | २×१×१ | २३४ | ४२२२.३७ | ४०१४.७९ | २०७.५८ | ४८५७४ |
| २३५-२०७७/३/२ | अर्थुङ्गे भिरमुनी पुलाचौर सडक | २×१×१ | ७० | ४२२२.३७ | ४०१४.७९ | २०७.५८ | १४५३१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४५-२०७७/३/५ | राखु भकिम्ली सडक | २×१×१ | ५० | ४२२२.३७ | ४०१४.७९ | २०७.५८ | १०३७९ |
| २५५-२०७७/३/१४ | कालीमाटी खेल मैदान निर्माण | २×१×१ | ७९ | ४२२२.३७ | ४०१४.७९ | २०७.५८ | १६३९९ |
| २५२-२०७७/३/१४ | दोखर्क गिठिनी आंखेत सडक | २×१×१ | १५२ | ४२२२.३७ | ४०१४.७९ | २०७.५८ | ३१५५२ |
| ३३९-२०७७/३/३० | महारानीथान छापा ठूलोखोला ग्रमीण सडक | २×१×१ | २४० | ४२२२.३७ | ४०१४.७९ | २०७.५८ | ४९८१९ |
| | | १.५×१×१ | ८९ | ४२२२.३७ | ४१९७.९५ | २४.४२ | २१७३ |
| २०६-२०७७.२.१९ | राक्से वस्ती संरक्षण | २×१×१ | ९० | ४२२२.३७ | ४०१४.७९ | २०७.५८ | १८६८२ |
| | | | | | | | २२६३२३ |

३३. **बढी भुक्तानी :** ३३९, २०७७।३।३० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था छ। महारानीथान छापा ठूलोखोला ग्रमीण सडक निर्माण कार्यको लागि NP3 Hume pipe 600 mm dia को दर विश्लेषणमा १ मिटर पाइपको दर मु अ कर सहित रु ८५७१ राखेकोमा जिल्ला दररेट अनुसार पाइपको मूल्य २.५ मिटरको रु १८५०० रहेकोमा मु अ कर सहित १ मिटर पाइपको रु ८३६२ मात्र हुने भएकोले १४.७ मिटरको बढी भुक्तानी भएको रु ३०७३  असूल हुनुपर्ने रु.. ३०८३/-

३४. **मू अ कर बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको भुक्तानी दिँदा उपनियम ३ को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर कट्टा गरेरमात्र भुक्तानी दिने व्यवस्था रहेकोमा निम्न अयोजनामा बाटो खन्ने कामको लागत अनुमान तयार गर्दा एक्साभेटरको मूल्य अभिबृद्धि कर सहित लागत अनुमान तयार गरेकोम उक्त रकममा पुन मूल्य अभिबृद्धि कर थप गरेर भुक्तानी गरेकोल उपभोक्तालाई बढि भुक्तानी भएकोले  मु अ कर रकम असूल गर्नुपर्ने रु १००४८८/-

| गोभौ न र मिति | आयोजनाको नाम | दर विश्लेषण अनुसारको दर | भुक्तानी दिएको दर | बढि दर | परिमाण | रकम |
|---|---|---|---|---|---|---|
| २५२-२०७७/३/१४ | दोखर्क गिठिनी आंखेत सडक | ७९.५९ | ८९.८४ | १०.२५ | ३६९९ | ३७९१५ |
| | | २३८.७७ | २६९.८१ | ३१.०४ | २२८ | ७०७७ |
| ३५२-२०७७/३/३१ | पात्लेखेत नेपाने धैरेनी सडक | ७९.५९ | ८९.८४ | १०.२५ | ५४१४.३ | ५५४९६ |
| | | | | | | १००४८८ |

३५. **पाइप जडानको बढी भुक्तानी :** २३३, २०७७।३।२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था छ। डांडाखेत सिँचाई पोखरी निर्माण कार्यको उपभोक्ता समितिलाई Pipe laying and jointing  को निम्नानुसार  भुक्तानी दिँदा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु १०१२२५/-

| पाइपको विवरण | परिमाण | दर विश्लेषण अनुसारको दर | भुक्तानी भएको दर | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| HDPE pipe 50 mm | 1000 m | ६.२३ | ९६.२८ | ९०.०५ | ९०५०० |
| HDPE pipe 63 mm | 500 m | ७४.८३ | ९६.२८ | २१.४५ | १०७२५ |
| | | | | | १०१२२५ |

३६. **पाइप खरिदः** २९२,२०७७।३।२४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच

गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ।एक घर एक धारा निर्माण कार्यक्रम अन्तर्गत सारेभोटे बेलबोट खानेपानी उपभोक्ता समितिलाई आयोजनाको रकम भुक्तानी गर्दा निम्नानुसार पाइप खरिद गरेकोमा उक्त पाइपहरु जडान भएको नदेखिएकोले उक्त पाइप जडान भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त असूल हुनु पर्ने रु २६६८४६/-

| पाइपको ववरण | परिमाण | रकम |
|---|---|---|
| HDPE 25 mm 10 kg/ $m^2$ | 550Rm | ३४५२४ |
| HDPE 32 mm 6kg/ $m^2$ | 620 Rm | ४३५४२ |
| HDPE 20 mm 10 kg/ $m^2$ | 4500 Rm | १८८७८० |
| | | २६६८४६ |

३७. **ईटा घटी / बढी खरिदः** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ ।निम्न योजनामा उपभोक्ता समितिले पेश गरेका केहि विल परिक्षण गर्दा कुनैमा इटाको विल निर्माण कार्य भन्दा बढी र कुनैमा घटी पेश गरेको देखिन्छ।यसरी नगरपालिकाबाट भुक्तानी हुँदा मू अ कर सहित भुक्तानी गरेकोमा वास्तविक कार्य सम्पादनको लागि आवश्यक संख्या अनुसार विल पेश नगरेको देखिएकोले बढि खरिद गरेको १२९७५ इटाको प्रयोगको प्रमाण पेश गर्नुपर्ने रु २२७०६२।०० कम भएको ११७२६ इटाको रु २०५२०५।०० बढी भुक्तानी भएको रकम सम्वन्धीत उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु॥ ४३२२६७/-

| गो भौ न | योजनाको नाम | इटाको गारो घ म | खरिद इटा संख्या | नापी अनुसार प्रयोग भएका इटा | फरक सख्या | | दर | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कम | बढी | | |
| २७४ | बालगृह पूर्वाधार निर्माण | ३०.५ | २६५०० | १७०८० | | ९४२० | १७.५ | १६४८५० |
| ३१७ | बेनी सामुदायिक मा वि | ८.८३ | ८५०० | ४९४५ | | ३५५५ | १७.५ | ६२२१२ |
| २३६ | अर्जम खोप केन्द्र तथा सौचालयल निर्माण | २०.९४ | इटा खरिद गरेको विल पेश नभएको | ११७२६ | ११७२६ | | १७.५ | २०५२०५ |
| | | | | | ११७२६ | १२९७५ | | |
| | | | | | कम खरिद | | | **२०५२०५** |
| | | | | | बढि खरिद | | | **२२७०६२** |
| | | | | | कुल जम्मा | | | **४३२२६७** |

३८. **बढी भुक्तानी :** ३०६, २०७७।३।२५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था छ ।दुधेखोला झम्किली सडक स्तरउन्नती कार्यको लागि दुधेखोला कोप्रे वगरको ढुगा प्रयोग गर्ने गरी सो स्थानको ढुंगा वालुवा उत्खननको लागि स्विकृती दिएको पाइयो । नगरपालिकाले उक्त सडक निर्माण कार्यको लागि दर विश्लेषणमा बालुवाको दर राख्दा क्रसरबाट धोएको बालुवाको जिला दर रेट रु २००० प्रति घन मिटरमा मूल्य अभिबद्धि कर समेत रु २२६० राखेर दर विश्लेषण गरी भुक्तानी दिएको पाइयो।आ व २०७६।७७ को स्विकृत जिल्ला दररेट अनुसार खोलाको बालुवा प्रति घनमिटर रु १०५० मात्र देखिन्छ।उपभोक्ता समितिले बालुवा खरिद गरेको विल पेश नभएकोमा खोलाको बालुवाको दर भन्दा प्रति घनमिटर रु।१२१०।०० बढि दर राखेर भुक्तानी भएको देखिन्छ।योजनामा providing and laying of reinforcement cement को कार्य १४८.११ घनमिटर काम भएकोमा १ घनमिटरमा ०.४५ घनमिटर बालुवा

<table>
<tr><td></td><td>प्रयोग हुँदा ६६.४५ घनमिटरको रु १२१० दरले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु</td><td>८०६४६/-</td></tr>
<tr><td>३९.</td><td>बढी भुक्तानी: ३०६, २०७७।३।२५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले घारासुन्ना लालीगुँरास युवा क्लब भवन निर्माण कार्यको लागि पि सि सि को लागत अनुमान तयार गर्दा गिटीमा जिल्ला दररेटमा मु अ कर समेत र बालुवामा क्रसर बाट धोएको बालुवाको रु २००० दर तथा सिमेन्टको प्रयोग गरी ढुंगाको गारो लगाउने कामको लागि  स्विकृत जिल्ला दररेट अनुसार खोलाको बालुवा प्रति घनमिटर रु १०५० मा मू अ कर थप गरेर दर विश्लेषण गरी भुक्तानी गरेको पाइयो । उपभोक्ता समितिले पेश गरेको विल परीक्षण गर्दा गिटी बालुवा खरिद गरेको विल पेश नगरी गिटी बालुवा ढुवानीको भरपाई मात्र पेश गरेकोले बढि भुक्तानी भएको बालुवाको रकम र गिटि बालुवाको मु अ कर रकम असूल हुनुपर्ने रु
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>बढी भुक्तानी दर  र मु अ कर समेत प्रति घनमिटर</th><th>बढि भुक्तानी रकम</th></tr>
<tr><td>PCC 1:2:4 for RCC</td><td>४१.७७</td><td>मू अ कर रु २८४ र बढी दर रु ४२२ गरी रु ७०६</td><td>२९४८९</td></tr>
<tr><td>PCC 1:2:4</td><td>६.१७</td><td>मू अ कर रु २९१ र बढी दर रु ४४६ गरी रु ७३७</td><td>४५४७</td></tr>
<tr><td>Stone masonary 1:6</td><td>३६.७०</td><td>मू अ कर रु १३६</td><td>४९९१</td></tr>
<tr><td></td><td></td><td></td><td>३९०२७</td></tr>
</table></td><td>३९०२७/-</td></tr>
<tr><td>४०.</td><td>बढी पाइप खरिदः सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ । वडा नं ६ खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई रु ६००००० र वडा नं १० खानेपानी उपभोक्ता समितिलाई रु १५०००० समेत गरी कुल रु ७५०००० को  विभिन्न साइजको खानेपानी पाइप वितरण गरी खर्च लेखेको पाइयो।तर उक्त पाइपहरु जडान भएको नदेखिएकोले उक्त पाइप जडान भएको प्रमाण  पेश गर्नुपर्ने रु</td><td>७५००००/-</td></tr>
<tr><td>४१.</td><td>विरुवा उत्पादनः भु तथा जलाधार व्यवस्थापन कार्यालय, म्याग्दी सम्पर्क इकाइ र वेनि नगरपालिका बिच २०७७ बैशाख ५ मा भएको सम्झौताका शर्त नं ३,५र ६ अनुसार  भु तथा जलाधार व्यवस्थापन कार्यालयले १५०० विरुवा उत्पादन गरी २०७७ आषाढ मसान्त भित्र विरुवा उपलब्ध गराउने र नगरपालिकाले तोकेको स्थान, ब्यक्ति, संघ ।संस्थालाई उपलब्ध गराउनु पर्ने उल्लेख भएकोमा १५०० विरुवा उत्पादन गरेको भनि सहायक भु संरक्षण अधिकृतलाई रु १९३००० भुक्तानी गरेकोमा उक्त विरुवा कुन स्थानमा को कसलाई वितरण गरेको भरपाई पेश नभएको र  विरुवा उत्पादनको लागत अनुमान समेत स्विकृत नभएकोले  विरुवा उत्पादन र वितरण सम्बन्धमा यकिन हुन सकिएन।उक्त विरुवा वितरण भएको भरपाई र वितरण कार्यको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा उक्त रकम असूल हुनु पर्ने रु</td><td>१९३०००/-</td></tr>
<tr><td>४२.</td><td>मू अ कर भुक्तानी :  सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको भुक्तानी दिँदा उपनियम ३ को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर कट्टा गरेरमात्र भुक्तानी दिने व्यवस्था छ साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले अर्जम खोपकेन्द्र तथा शौचालय निर्माणको लागि विभिन्न निर्माण समाग्री खरिदको लागिउपभोक्ता समितलाई पालिकाबाट स्विकृत दररेटमा मु अ कर समावेश गरी लागत अनुमान तयार गरि सोही अनुरुप भुक्तानी गरेकोमा उपभोक्ताले पेश गरेको निम्न विजक नं को मिती अनुसार क्रम नमिलेको देखिएकोले उक्त विजकमा भुक्तानी गरेको मु अ कर रु ३६१८१। सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर तिरेको कर समायोजन पत्र पेश  हुनु पर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु</td><td>३६१८१/-</td></tr>
</table>

| व्यवसायीको नाम | विजक न | मिति | मु अ कर रकम | कैफियत |
|---|---|---|---|---|
| ग्यालेक्सी हार्डवेयर | १५४४ | २०७७।२।४ | ८३८६ | विजक नं को मिती अनुसार क्रम नमिलेको |
| | १६५० | २०७७।१।१६ | ७३२८ | |
| | ११२३ | २०७७।२।१९ | २०४६७ | |
| | | | **३६१८१** | |

४३. **कार्यक्रमसंग असम्बन्धित खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ८ अनुसार कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगको जाँच गरेर मात्र भुक्तानि गर्नुपर्ने उल्लेख छ । वडा नं ६ को योजना बैंक प्रपोजल लेखन कार्यको भुक्तानी दिंदा जनप्रतिनिधि पोखरा ४ पटक पोखरा गएको रु ८००० का दरले रु ३२००० गाडी भाडा र पोखरामा खाना खाजा वापत रु ५२३७६। भुक्तानी भएको देखिएकोले उक्त रकम कार्यक्रमसंग असम्बन्धित देखिएको र खर्चको प्रयेजनन समेत नखुलेकोले असूल हनुपर्ने रु — ८४३३७/-

४४. **गैरसरकारी सँस्था बाट निर्माणकार्यः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ (२) मा जनचेतना सम्बन्धि तालिम, अभिमुखिकरण, सवलिकरण, मूल प्रभाहीकरण जस्ता कार्य गैरसरकारी सँस्था बाट गराउन सकिने र त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, कार्यसंचालन विधि सहितको कार्यक्षेत्रगत शर्त, लाग्ने रकमको अनुमान गर्नुपर्ने साथै प्रचलित कानून बमोजिम दर्ता भएको र मौजुदा सूचीमा समावेश भएका गैरसरकारी सँस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र कार्य क्षेत्रगत शर्त पुरागरी सबैभन्दा कम रकम प्रस्ताब गर्ने प्रस्तावदाता सगँ सम्झौता गरी कार्य गराउनु पर्ने व्यवस्था छ।नगरपालिकाले बालगृह पुर्वाधार निर्माण कार्य नेपालल बाल संगठन, जिल्ला समिति म्याग्दीसगँ प्रस्ताब माग नगरी सिधै सम्झौता गरी निर्माण कार्य गराई रु.१९३००००।— भुक्तानी गरेकोमा उक्त सँस्थाले बिजक समेत जारी गरेको छैन।सार्वजनिक खरिद ऐनमा निर्माणकार्य गैरसरकारी सँस्था बाट गराउन सक्ने व्यवस्था नभएकोमा यसरी ऐन बिपरित सार्वजनिक निर्माणको कार्य गैरसरकारी सँस्था बाट गराउने कार्य नियमसम्मत नदेखिएको रु.. — १९३००००/-

४५. **अधुरो निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने तथा सोही ऐनको नियम १२५ मा खरिद संझौता बमोजिम निर्माण कार्य संपन भई सकेपछि संझौता बमोजिम निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएकमा सोको एकिन गरी सो सच्याउन लगाउने, त्रुटी सच्याउने दायित्व समाप्त भइसकेपछि निर्माण कार्य संझौता बमोजिम भए नभएको प्राविधिकबाट जाँच गराई कार्य सम्पन्न प्रतिवेदन वनाउनु पर्ने व्यवस्था भएकोमा नगरपालिकाले बेनी स्टेडियम खुल्लामञ्च, म्याग्दीको निर्माण कार्यको लागि माछापुच्छ्रे निर्माण सेवासंग मिति २०७७।०३।२५ मा निर्माण कार्य सक्ने गरी मू।आकर समेत रु।१०८४२०६३।३८ मा संझौता गरेकोमा निर्माण व्यवसायीबाट जम्मा रु।८५६३५२५।२० को मात्र कार्य गरी ७८।९८ प्रतिशत भौतिक तथा वित्तिय प्रगति गरी संझौता बमोजिमको कार्य नहुँदै कार्यसम्पन्न प्रतिवेदन बनाई योजनालाई अधुरो रुपमा छोडेको पाइयो।कोरोनाको समयमा संझौता अवधि सकिने योजनाको हकमा ६ महिना म्याद थप गरी कार्य संपन गराउने तर्फ पालिकाबाट कुनै प्रक्रिया अगाडी बढाएको पाइएन।निर्माण व्यवसायीले ाचयलत यिबमष्लन का कार्यहरु गरी बाँकी कार्य नगरी बिना कुनै कारण कार्य संपन नगरेबाट उक्त योजना अलपत्र भएको एंव सो योजना पुरा गर्नको लागि हालसम्म पनि कुनै कार्य भएको पाइएन।संझौता बमोजिमको कार्य नगरी योजना अलपत्र भएकोले संझौतामा उल्लिखित शर्तको पालना गरी कानून बमोजिमको प्रक्रिया पूरा गरी निर्माण व्यवसायीबाट कार्य गराउनु पर्ने देखिन्छ।

४५.१. **स्थलगत निरीक्षणः** माथि उल्लिखत योजनाको स्थलगत निरीक्षण गर्दा उक्त निर्माण स्थलमा कुनै पनि काम पुरा

| | | |
|---|---|---|
| | भएको देखिएन। स्टेडियम वनाउने कामको सववेस तथा वेसको काम भएको फलामे डण्डी जडानको काम गरी ड्रइङ्ग तथा डिजाइन बमोजिमको कार्य नगरी अलपत्र रुपमा रहेको फोटोबाट देखिन्छ। बाँकी काम यथाशिघ्र नभएमा बनाएको संरचना समेत बिग्रिएर जाने तथा कार्यालयले भएको कार्यको मर्मत संभार गर्न थप लागत व्यहोर्नु पर्ने हुँदा कामालाई पुर्णता दिने तर्फ ध्यान दिनुपर्दछ। | |
| ४५.२. |   | |
| | | |
| | **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फः** | |
| ४६. | **बढी दरमा भुक्तानीः** ०९।२०७७।०३।०३ पलिकाले स्वीकृत जिल्ला दररेट २०७६।७७ तथा स्वीकृत विभागीय नम्सका आधारमा विभिन्न आइटमको दर निर्धारण गरेको छ। पालिकाले गलेश्वर काउलेपानी गौंडा हुदैं गिठानी मोटरबाटो उपभोक्ता समितिलाई आइटम नं ५ को १:२:४ को पि।सी।सी। को दर प्रति घनमिटर रु। १२०७९।११ हुनुपर्नेमा रु।१३७५९।१६ भएकोले प्रति घनमिटर फरक दर रु।१६८०।०५ ले ३३।२९ घनमिटरको रु।५५८२९।०० को उपभोक्ता समितिको अंश रु।८३९०।०० घटाई बाँकी रु।४७५३९।०० बढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गर्नुपर्ने रु।। | ४७५३९/- |
| ४७. | **ईटा बढी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले दिपक मा।वि को भवन निर्माण उपभोक्ता समितिबाट भएको भवन निर्माण कार्यमा नम्स भन्दा बढी परिमाणमा इट्टा खरिद भएको पाइयो। भवनको इट्टाको गारो लगाउने कार्य कूल ४९।५ घनमिटर भएको उक्त कार्यको लागि प्रति घनमिटर ५६० का दरले जम्मा इट्टा संख्या २७७२० वटा मात्र खरिद गरी प्रयोग गर्नुपर्नेमा ३०००० वटा इट्टा खरिद गरी सोही बमोजिम भुक्तानी भएकोले बढी खरिद इट्टाको मौज्दात भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा प्रति इट्टा रु ११ का दरले २२८० को रु २५०८०।०० सम्वन्धितबाट असूल हुनुपर्ने रु...। | २५०८०/- |
| ४८. | **रितपूर्बकको कर बिजकः** १७।२०७७।०३।३१ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले वेनी स्टेडियम खुल्लामञ्चको निर्माण कार्यको लागि माछापुच्छ्रे निर्माण सेवालाई विजक नं ४९ बाट रु। २८५४५०९।०० भुक्तानी गरेकोमा निर्माण व्यवसायीले जारी गरेको कर विजक केरमेट भएकोले उक्त वील रकममा भुक्तानी भएको मु ।अ। कर रु।३२८३९५।०० सम्वन्धित आन्तरिक राश्वज कार्यालयबाट जारी भएको कर समायोजनको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल गर्नुपर्ने रु।। | ३२८३९५/- |
| | **संस्कृति पर्यटन तथा नागरिक उड्यान मन्त्रालय पूँजिगत तर्फः** | |

| | | |
|---|---|---|
| ४९. | **एउटै उपभोक्ता समितिलाई दुई योजनाः** नगरपालिकाले गलेश्वर शिवालय क्षेत्र विकास कोषको भवन निर्माण कार्यको लागि स्किम न १ को लागि मिति २०७६।०९।१० मा गलेश्वर शिवालय क्षेत्र विकास कोषको भवन निर्माण उपभोक्ता समितिसंग रु.२५ लाखमा संझौता गरेकोमा सोही कार्यको स्किम नं २ को लागि समेत रु.२५ लाखमा सोही मितिमा सोही गलेश्वर शिवालय क्षेत्र विकास कोषको भवन निर्माण उपभोक्ता समितिसंग संझौता गरी निर्माण कार्य भएकोले योजनालाई टुक्रा पारी फरक उपभोक्ता जस्तो बनाई काम गर्नु उचित देखिएन।यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| ५०. | **हात्तिपाईले (Trapezoidal) मा बढी परिमाणः** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ।नगरपालिकाले गलेश्वर शिवालय क्षेत्र विकास कोषको सामुदायिक भवन निर्माण कार्यको लागि गलेश्वर शिवालय क्षेत्र विकास कोषको भवन निर्माण उपभोक्ता समितिलाई आइटम नं ६ को आर.सी.सी ढलान कार्य १:२:४ को हात्तीपाईलेको परिमाण १४.०४ घनमिटर हुनुपर्नेमा १६.०८ घनमिटरको भुक्तानी दिएकोले प्रति घनमिटर रु.१६९२५.९६ ले फरक परिमाण १.१५ को बढी खर्च भएको रु.१९४८३।०० सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु... | १९५८३/- |
| | **शिक्षा तर्फः** | |
| ५१. | **विद्यालय सुधार योजनाः** स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय हरु मध्ये आधारभुत तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु १५ हजार माध्यामिक तह सञ्चालित विद्यालयहरुलाई प्रति विद्यालय २० हजार दरले विद्यालय सुधार योजना सञ्चालन कार्यको लागि एक मुष्ट अनुदान निकास दिने र यस प्रकारको अनुदान पाउने विद्यालयले विद्याय सुधार योजना निर्माण सहयोगि पुस्तिका २०७४ बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गरेको विवरण अनिवार्य रुपमा स्थानीय निकायलाई उपलब्ध गराउनु पर्ने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६।७७ मा उल्लेख छ।यस वर्ष पालिकाले ५० विद्यालयलाई विद्यालय सुधार योजना कार्यको लागि अनुदान उपलब्ध गराएको र अनुदान उपलब्ध गराएकोमा १७ विद्यालयले विद्यालय सुधार योजना अध्यावधिक गरेको विवरण यस पालिकामा पेश गरेको छैनन। विद्यालय सुधार योजना अध्यावधिक गरेको विवरण पेश नगर्ने विद्यालयलाई यस प्रकारको अनुदान दिन मिल्ने देखिदैन अतः यस प्रकारको अनुदान निकासा पाएका तपसिलका १७ विद्यालयले आ.व ०७६।७७ मा विद्यायल सुधार योजना अध्यावधिक गरेको विवरण स्थानीय तहमा पेश गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा सम्बन्धित विद्यालयबाट उक्त अनुदान फिर्ता प्राप्त गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | ९५०००/- |

| सि नं | SIP अनुदान पाउने विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| १. | बेनि सामुदायिक मा.वि. | २०००० |
| २. | चन्द्रोदय आ.वि | १५००० |
| ३. | जगन्नाथ आ.वि | १५००० |
| ४. | नवदुर्गा आ.वि | १५००० |
| ५. | खड्गभवानी आ.वि | १५००० |
| ६. | ज्ञानकुञ्ज आ.वि | १५००० |
| | **जम्मा** | **९५०००** |

| | | |
|---|---|---|
| ५२. | **EGRP अनुदानः** स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु कक्षा १ देखि ३ सम्म प्रति कक्षा रु ३००० का दरले रु ९००० प्रारम्भिक पढाइ सिप विकासका लागी अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ मा उल्लेख छ।यस कार्यक्रम अन्तर्गत कक्षागत रुपमा | |

| | | |
|---|---|---|
| | एक सेट सिकाई सामाग्री र प्रति विद्यार्थी एक सेट अभ्यास पुस्तिका उपलब्ध गराउने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष पालिका स्थीत ५५ विद्यालय लाई प्रारम्भिक पढाइ सिप विकास प्याकेज कार्यक्रम कार्यान्वयनका लागि रु ४९५००० अनुदान निकासा दिएकोमा सबै विद्यालयहरुले कक्षागत रुपमा एक सेट सिकाई सामाग्री र प्रति विद्यार्थी एक सेट अभ्यास पुस्तिका उपलब्ध गराएको प्रमाण स्थानीय निकायमा उपलब्ध गराएका छैनन। गत विगत देखि नै विद्यालयहरुले EGRP अनुदान निकासा लिने गरेको तर सो को प्रमाण उपलब्ध नगराएको कारण विद्यालयले गरेको खर्च रकममा पारदर्शिता तथा जवाफदेहिता मा असर परेको र यो बर्ष समेत खर्चलाई पुष्टयाई गर्ने कागजात,प्रमाण वेगर खर्च लेखेको कारण उक्त अनुदान निकासा दिन मिल्ने देखिदैन।अत अनुदान रकम र आन्तरिक स्रोत बाट भएको खर्चको पारदर्शता र जवाफदेहिता प्रवर्द्धनको लागि सबै विद्यालयले खर्चको प्रमाण पेश गर्नुपर्ने रु | ४९५०००/- |
| ५३. | **पाठ्यपुस्तक व्यवस्थापन अनुदानः** स्थानीय तहले सार्वजनिक विद्यालयमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थिको EMIS मा प्रविष्टी तथ्याङ्कलाई प्रमाणित गरी यकिन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयलाई अनुदान निकासा दिने।यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिई २०७७ वैशाखवाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यस्था शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तीका २०७६।७७ मा उल्लेख छ। पालिकाले यस कार्यक्रम कार्यान्वयन पुस्तीकामा भएको व्यवस्था प्रतिकुल हुने गरी गो.भौ.न. ४२।२०७६।११।१८ मा ५६ विद्यालयलाई कूल विद्यार्थी संख्याको ७५ प्रतिशतले हुने रु.२१२९२२२ र गो.भौ.न. ५२\|०७७\|१\|०८ वाट ५६ विद्यालयलाई नपुग पाठ्य पुस्तक उल्लेख गरी रु ८९६३८२ थप निकासा दिएको छ। कार्यक्रम कार्यान्वयन पुस्तीका २०७६\|७७ ले गरेको व्यवस्था अनुसार सुरुमा ५६ विद्यालयलाई ७५ प्रतिशतले रु २१२९२२२। निकासा दिई थप नपुग हुने रकम पाठ्य पुस्तक किनेको विल एकिन गरेर मात्र निकासा दिए पुग्नेमा ५६ विद्यालयलाई २०७७ वैशाखवाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण यकिन नगरी नपुग उल्लेख गरी रु ८९६३८२।०० दिएकोले यस सम्वन्धमा पालिकाले एकिन गर्नुपर्ने रु | ८९६३८२/- |
| ५४. | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले स्वीकृत दरबन्दी वेगर पालिकावाट तलव भत्ता खाने गरी शुन्य दरवन्दि भएका पालिकाभित्रका ४ विद्यालयलाई प्रति विद्यालय वार्षिक रु ४००००० का दरले कुल रु १६०००००।निकासा दिई खर्च लेखेको पाइयो।पालिकाले पालिकाभित्र आवश्यक शिक्षक दरवन्दी स्वीकृत र मिलान गराई स्वीकृत दरवन्दीभित्रका शिक्षकहरुको मात्र तलव निकासा दिनुपर्नेमा पालिकाले शिक्षक नियुक्ती गर्ने निणर्य गरी ४ सामुदायिक विद्यालयमा शिक्षक नियुक्ती गरी तलब खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा शिक्षक नियुक्ती प्रक्रिया समवन्धी सबै फाईलहरु पेश नभएको हुंदा नियुक्ती प्रक्रिया सम्बन्धमा यकिन हुन सकिएन।यस सम्बन्धमा पालिकाले यथार्थ छानविन गर्नुपर्ने देखिन्छ। नियमावलीमा भएको व्यवस्थाको समेत पालना नगरी ऐन कानूनको विपरीत शिक्षक नियुक्त गरी ४ विद्यालयको लागि खर्च लेखेको रकम अनियमित देखिएको रु.. | १६०००००/- |
| ५५. | **सट्टा शिक्षकः** शिक्षक सेवा आयोग नियमावली,२०५७ मा शिक्षकको नियुक्ती,बढुवा,सरुवा लगायतका सम्पुर्ण क्रियाकलापको व्यवस्था गरिएको छ।पालिका स्थित प्रकाश मा.वि.र प्रकाश उच्च मा.वि कानुनमा कतै पनि व्यवस्था नभएको २ जना सट्टा शिक्षक क्रमश श्री सुप्रियाकुमारी शाही थापामगर निमावि तहको र श्री समिक्षा सापकोटा मा.वि. को तहको राखि खर्च लेखेको पाइयो।शिक्षक नियुक्ती गर्दा कानुनमा भएको व्यवस्थाको अक्षरस पालना गरी नियुक्ति गर्नुपर्दछ।कानुनी व्यवस्था विपरित सट्टा शिक्षक राखि खर्च लेखेको रकम अनियमित | |

| | | |
|---|---|---|
| | देखिएको रु | ८८६८७०/- |
| ५६. | **कक्षा ८ को परिक्षा संचालन**:स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको प्रति विद्यार्थी वार्षिक रु २०० अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप न.२.७.१३.८ मा उल्लेख छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार कक्षा ८ मा अध्ययनरत कूल विद्यार्थी संख्या ६२४ जना रहेको र सोहि अनुरुप पालिकाले प्रति विद्यार्थी रु २०० का दरले रु १२४८००।०० खर्च लेख्नुपर्नेमा विभिन्न मितिमा कक्षा ८ को परीक्षा संचालन वापत रु २०२३१३।०० खर्च लेखेको पाइयो। निर्देशिकामा तोकिएको दर भन्दा वढी लेखिएको खर्च असुल गर्नुपर्ने रु | ७७५१३/- |
| ५७. | **विद्यार्थी शिक्षक अनुपात**: पालिकावाट प्राप्त विवरण अनुसार पालिकामा सञ्चालनमा रहेका ३१ विद्यालयहरुको शिक्षक पदपुर्ती तथा विद्यार्थीको संख्या निम्नानुसार रहेको छ। | |

| सि.न | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | करार | विद्यार्थि संख्या |
|---|---|---|---|---|---|
| १. | श्री अर्जुन उ.मा.वि. | १५ | ४ | २ | ३२९ |
| २. | श्री प्रकाश उ.मा.वि | २६ | ० | ० | ९४४ |
| ३. | श्री जामुनखर्क उ.मा.वि | १७ | १ | १ | २५४ |
| ४. | श्री धवलागिरी मा.वि | १८ | ० | ० | २०२ |
| ५. | श्री वेनी सामुदायिक मा.वि | २० | ३ | ३ | ९६८ |
| ६. | गलेश्वर उ.मा.वि | २२ | २ | १ | २८८ |
| ७. | गलेश्वर उ.मा.वि | ६ | २ | २ | ६४ |
| ८. | राधाकृष्ण नि.मा.वि. | ७ | १ | १ | ७४ |
| ९. | जगन्नाथ प्रा.वि. | ३ | ० | ० | १९ |
| १०. | राष्ट्रीय मा.वि | ७ | १ | ० | २४७ |
| ११. | रामचन्द्र मा.वि. | १० | १ | ० | ९४ |
| १२. | चेतना प्रा.वि | ३ | १ | ० | १३ |
| १३. | पौलत्स्य उ.मा.वि | १६ | १ | ० | १७९ |
| १४. | भानु उ.मा.वि | १४ | २ | १ | १३२ |
| १५. | जयन्ति मा.वि | १२ | ३ | ३ | १९५ |
| १६. | वालमन्दिर नि.मा.वि | ७ | १ | ० | १३५ |
| १७. | जनकल्याण मा.वि | १२ | ३ | २ | २२८ |
| १८. | ज्योती नि.मा.वि | ७ | १ | ० | ५८ |
| १९. | थाकनपोखरी नि.मा.वि | ९ | ० | ० | ५३ |
| २०. | सरस्वती मा.वि | ५ | ० | ० | २४७ |
| २१. | वालप्रिय शारदा नि.मा.वि | ६ | २ | ० | १०५ |
| २२. | पद्मबराह प्रा.वि | ३ | ० | ० | २६ |
| २३. | दिपक मा.वि | ८ | ० | ० | १३८ |
| २४. | मुसुङडोल नि.मा.वि | ६ | १ | ० | ११६ |
| २५. | विद्योदय नि.मा.वि | ५ | ० | ० | ८७ |
| २६. | भृकुटी प्रा.वि | ४ | ० | ० | ४० |
| २७. | जडभरत प्रा.वि | ५ | ० | ० | २९ |
| २८. | गणेश प्रा.वि | ३ | ० | ० | २४ |
| २९. | वराह प्रा.वि | ३ | २ | ० | १९ |
| ३०. | हंशवाहिनि नि.मा.वि. | ८ | ३ | १ | ३३ |
| ३१. | ढोल्ठान प्रा.वि | ३ | १ | ० | ३३ |
| ३२. | युवावर्ष प्रा.वि | ४ | ० | ० | १६ |
| ३३ | डिम्व प्रा.वि | ३ | ० | ० | ३९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | सल्लेरी प्रा.वि | ४ | ० | ० | २७ |
| ३५ | नवज्योती प्रा.वि | ० | ० | ० | ० |
| ३६ | सरस्वती आ.वि | ५ | ० | ० | ६१ |
| ३७ | वरनाथ प्रा.वि | ४ | ० | ० | ६० |
| ३८ | स्यालीखेत प्रा.वि | ३ | १ | ० | ४१ |
| ३९ | चन्द्रोदय प्रा.वि | ३ | १ | ० | २२ |
| ४० | वागेश्वरी प्रा.वि | ३ | ० | ० | १८ |
| ४१ | ओखले प्रा.वि | ३ | २ | ० | १० |
| ४२ | वालजागृति प्रा.वि | ५ | ० | ० | २४ |
| ४३ | भुमे प्रा.वि | ३ | १ | ० | ३९ |
| ४४ | शिवालय प्रा.वि | ३ | ० | ० | १७ |
| ४५ | वालमन्दिर नि.मा.वि | ६ | १ | १ | २०० |
| ४६ | जगन्नाथ प्रा.वि | २ | ० | ० | ९ |
| ४७ | विद्यामन्दिर प्रा.वि | ५ | ० | ० | ४६ |
| ४८ | नवदुर्गा प्रा वि | ३ | ० | ० | ३६ |
| ४९ | वसन्त प्रा वि | ३ | १ | ० | ३० |
| ५० | भुमे प्रा वि | २ | ० | ० | २७ |
| ५१ | भवानी प्रा वि | २ | १ | ० | २२ |
| ५२ | खडग भावानी प्रा वि | २ | ० | ० | २९ |
| ५३ | वराहा प्रा वि | २ | १ | ० | ८ |
| ५४ | गणेश प्रा वि | २ | ० | ० | ९ |
| ५५ | ज्ञानपुञ्ज प्रा वि | ३ | ० | ० | ४४ |
| ५६ | उपल्लोचौर प्रा वि | १ | ० | ० | ३४ |
| ५७ | सरस्वती प्रा वि | २ | ० | ० | २१ |
| | जम्मा | ३६८ | ४५ | १८ | ६२६२ |

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

- विद्यायलबाट प्राप्त शिक्षक विद्यार्थी अनुपातको विवरण अनुसार सि नं ३५ को नवज्योती प्रा विमा सवै शून्य भएकोले उक्त विद्यालयलाई मर्जर प्रक्रियामा लानुपर्ने देखियो।
- शिक्षक दरवन्दी न्यून तथा विद्यार्थी संख्या थोरै भएका विद्यालयहरुलाई भौतिक दुरी एंव आवश्यकताका आधारमा शैक्षिक गुणस्तरमा प्रतिकूल असर नहुने गरी एक आपसमा गाभ्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

५८. **अनुगमन भत्ताः** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा अनुगमन वापत भत्ता दिने व्यवस्था अनुसार यस पालिकाले आ व २०७६।७७ को अनुमगन भत्ता लगायतको सम्पुर्ण सुविधा आ.व २०७६।७७ मा भुक्तानी गरेको देखिन्छ। तर कार्यक्रम अनुसार अनुगमन गरेको भनि देहायका भौचरवाट पुनः भत्ता गएको देखिदा एउटै नाममा दोहोरो भत्ता गएको देखिन्छ। अन्य कानुनमा यसरी भत्ता दिने व्यवस्था नभएकोले उक्त भत्ता वापत भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु २२९५०/-

| भौ नं | विवरण | रकम |
|---|---|---|
| १२ | वृहत स्वास्थय शिविर पाठेघर खस्ने रोगको स्क्रीनिङमा अनुगमन भत्ता १८ जनाको। | २२९५० |

५९. **ईटा घटी / बढी खरिदः** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ ।निम्न

योजनामा उपभोक्ता समितिले पेश गरेका केहि विल परिक्षण  गर्दा कुनैमा इटाको विल निर्माण कार्य भन्दा बढी र कुनैमा घटी पेश गरेको देखिन्छ ।यसरी नगरपालिकाबाट भुक्तानी हुँदा मू अ कर सहित भुक्तानी गरेकोमा वास्तविक कार्य सम्पादनको लागि आवश्यक संख्या अनुसार विल पेश नगरेको देखिएकोले बढि खरिद गरेको ८९६२ इटाको प्रयोगको प्रमाण पेश गर्नुपर्ने रु.१५२३५४।०० को प्रमाण पेश गर्नुपर्ने रु... १५२३५४/-

| गो भौ नं मिति | आयोजना/उपभोक्ता समितिको नाम | काम | खपत भएको इटाँ संख्या | खपत हुनुपर्ने इटाँ संख्या | वढी खपत भएको इटाँको संख्या | प्रति इटाँको दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २०७/०७७/०२/१९ | वेनी सामुदायिक उ.मा.वि.भवन निर्माण उ.स | ७.४८ | १३१५२ | ४१९० | ८९६२ | १७ | १५२३५४ |

६०. **प्रधानमन्त्री रोजगार कार्यक्रमः**स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ।नगरपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तीनवटा पदमार्ग गरी यस आ व रु.१९ लाख खर्च गरी १४२ जनालाई प्रत्यक्ष रुपमा रोजगारी प्रदान गरेको देखिन्छ।प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चलन निर्देशिका २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानिय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममा खटाउनु पर्ने व्यवस्था रहेको छ।नगरपालिकाले वेरोजगार व्यक्तिहरुको सुचि तयार गरि परिचयपत्र वितरण गरेर प्रथामिकताको आधारमा मात्र कामका लागी पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा सो गरेको पाइएन।वडाको सिफारिसका आधारमा मात्र कामदारहरु छनौट गरी कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक वेरोजगार व्यक्तिहरुले नै रोजगारी  प्राप्त गरे भन्ने आधार रहेन।कार्यक्रममा सहभागी कामदारको ज्याला वैंकिङ प्रणालीवाट भुक्तानी गर्ने अवस्था हुदा हुदै सो नगरी डोर हाजिरीमा नै भर्पाई गरी पालिकावाट एकमुष्ट रुपमा एक जना व्यक्तिको नाममा रकम निकासा भएकोले वितररण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन।आयोजना सञ्चालन पुर्व स्थानिय तहले प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा कतिपय आयोजनामा प्राविधिक प्रतिवेदन संलग्न भएको छैन।कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकात वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ ।

६१. **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ।स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर विभिन्न मितिमा विभिन्न सप्लायर्सवाट औषधि सोझै खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको

आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

| | | |
|---|---|---|
| | औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६२. | **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा नगरपालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसार व्यक्ति, उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्दछ। | |

| गो भौ नं मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति/फर्म/कम्पनी | रकम |
|---|---|---|---|
| ७७.२०७६.१०.०३ | बेनी पाल्लेखेत सडक निर्माण | खुसीहोम विल्डर्स | १५००००० |
| २१९.२०७७.०२.२७ | नगरपालिका भवन | जय मां लक्ष्मी निर्माण सेवा | ८००००० |
| २७२.२०७७.०३.१९ | समपुरक कोषतर्फको | तिलकि निर्माण सेवा | ५००००० |
| जम्मा | | | २८००००० |

अनुसु च १

## पा लकाको सं चतकोषको ववरण

## २०७६।०७७

प्रदेश: गण्डकी (रु हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय: संघ तथा प्रदेश अनुदान | आय: राजस्व वाडफाड | आय: आन्तरीक आय | आय: अन्य आय | जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | बेनी नगरपालिका | म्याग्दी | ६४५६६ | ४३९७२६ | ६३४३४ | २०८६७ | १३७५७४ | ६६१६०१ | ३४९८१४ | १३९३२८ | १५१२७५ | ६४०४१७ | ८५७५० |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसु च २

## २०७६।७७

(रु हजारमा)

| सि नं | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक वेरुजु: दफा संख्या: सैदान्तिक | प्रारम्भिक वेरुजु: दफा संख्या: लगति | प्रारम्भिक वेरुजु: रकम | प्रतिक्रियावाट फछ्यौट: दफा संख्या: सैदान्तिक | प्रतिक्रियावाट फछ्यौट: दफा संख्या: लगति | प्रतिक्रियावाट फछ्यौट: रकम | वाँकी वेरुजु: दफा संख्या: सैद्धान्तिक | वाँकी वेरुजु: दफा संख्या: लगती | वाँकी वेरुजु: रकम | वाँकी वेरुजु: अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने: अनिय मत भएको | नियमित गर्नुपर्ने: प्रमाण कागजात पेश नभएको | नियमित गर्नुपर्ने: राजस्व लगत जिम्मेवारी नसारेको | नियमित गर्नुपर्ने: सोधभनां न लएको | नियमित गर्नुपर्ने: जम्मा | पेश्की: कमंचारी | पेश्की: अन्य | पेश्की: जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | म्याग्दी | बेनी नगरपालिका | ३१ | ४१ | २०८०० | ० | ० | ० | ३१ | ४१ | २०८०० | ६५५७ | १०६२९ | ३६१४ | ० | ० | १४२४३ | ० | ० | ० |

अनुसुची ३

## अद्यावधिक वेरुजु स्थीती

(रु हजारमा)

| क स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाकी | यो बर्ष सम्पबाट कायम बेरुजु | यो बर्षको बेरुजु | कुल बाकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | बेनी नगरपालिका | म्याग्दी | ७१४९८ | २९४२२ | ४२०७६ | ० | २०८०० | ६२८७६ |